पाँचपोखरी थाङ्पाल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

कम्प्युटर सामग्रीहरु खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५।१२।०५

१. यस कार्यालयलाई कम्प्युटर , फोटोकपी मेसिन , ल्यापटप सामग्रीहरु आपूर्ति गर्न इच्छुक सूचीकृत आपूर्तिकर्ताहरुबाट रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

२. मेगा बैंक नेपाल लिमिटेड, पाँचपोखरी शाखामा रहेको यस गाउँपालिकाको आन्तरीक आम्दानी कोष खाता नं. ११०००१०००८०६१ मा दरभाउपत्रपत्र दस्तुर वापत् रु. १०००।– जम्मा गरेको सक्कल प्रति भौचर पेश गरी २०७५ साल चैत्र १९ गते विहान ११:०० बजेसम्म दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र दस्तुर उल्लेखित मितिभित्र यस कार्यालयमा पनि नगदै बुझाउन सकिने छ ।

३. खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७५ साल चैत्र महिनाको १९ गते दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरिसक्नुपर्ने छ ।

४. दरभाउपत्र खरिद गर्दा कम्पनी / फर्म दर्ताको प्रमाणपत्र , दरभाउपत्र माग गरिएको निवेदन , आव २०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्र, आइटी सम्बन्धी इजाजतपत्र, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वयं घोषणापत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

५. पेश भएका दरभाउपत्रह रु मिति २०७५ साल चैत्र महिनाको १९ गते दिउँसो १२:३० बजे दरभाउपत्रदाताका प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन ।

७. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ ।

८. दरभाउपत्र साथ कबोल अंकको २.५ प्रतिशत रकम बराबरको क वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा ३० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ । दरभाउपत्र जमानत नगदै यस कार्यालयको धरौटी खातामा पनि जम्मा गर्न सकिनेछ ।

९. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

११. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा सार्वजनिक खरिद ऐन , २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत